# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# मर्चवारी गाउँपालिका, रुपन्देही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६/७७
च.नं ९०

मिति: २०७७/३/२९

श्री अध्यक्षज्यू,
मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

मिति: २०७७।३।२९

पत्र संख्या: २०७६/७७
च.नं: ९०

श्री अध्यक्षज्यू,
मर्चवारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

### कैफियत सहितको राय

हामीले मर्चवारी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ७९ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३९ लाख ८४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २६ लाख २१ हजार नियमित गर्नुपर्ने रु.१ करोड ९५ लाख ७१ हजा र, पेश्की बाँकी रु.१७ लाख ७८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २२ (बाइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# मर्चवारी गाउँपालिका, रुपन्देही
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न २०७३ फाल्गुनमा यसगाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा  प्रदान गर्नु मुख्य उद्देश्य रहेको छ । प्रदेशनं.५ मा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वटा वडाहरु रहेका छन् । गाउँसभा सदस्य ३६रहेको यस गाउँपालिकाको ४८.६ व.कि.मी. क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा ३८,७८३ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :**आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६७०९६३१५.४४ | १ | **चालु खर्च** | | २०७१०४४९२.६५ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १४२१७०९६० |
| | ख) बैङक | ६७०९६३१५.४४ | | ३ | **सर्शत अनुदान फिर्ता** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७९८७९९३८.९१ | | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | क) आन्तरिक राजस्व | ३८७१५४८.९५ | | | क) ऋण भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७१९०८३८९.९६ | | | ख) ब्याज भुक्तानी | | |
| | ग) अन्य आय | ४१००००० | | | ग) अन्य भुक्तानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २५३५०६२७७.१५ | ४ | **लगानी** | | |
| | क) वित्तीय समानीकरण अनुदान | १२२४००००० | | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | १३११०६२७७.१५ | | | शेयर लगानी | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | २५३५०६२७७.१५ | १८७५२००० | | अन्य लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ४५६२००० | | ५ | **विषयगत शिर्षक खर्च** | | |
| | ख) सशर्त अनुदान | १४१९०००० | | | **धरौटी फिर्ता** | | ४२५०० |
| | ग) समपूरक अनुदान | | | ६ | **कोष खर्च** | | १८८४३८४ |
| | घ) विशेष अनुदान | | | ७ | **अन्य विविध व्यय** | | |
| ५ | **विभिन्न कोषतर्फको आय** | | ७०५०००० | ८ | **मौज्दात** | | ७६७२०८६०.८५ |
| ७ | **विषयगत शिर्षकबाट प्राप्त** | | | | क. नगद मौज्दात | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | ख. सञ्चितकोष खाता | ७६७२०८६०.८५ | |
| ९ | **धरौटी आय** | | १६३८६६६ | | ग. चालु खर्च खाता | | |
| १० | **अन्य विविध आय** | | | | घ. पुँजीगत खर्च खाता | | |
| | **जम्मा** | | **४२७९२३१९७.५** | | | | **४२७९२३१९७.५** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणवाट देखिएका व्यहोरा** | |
| १. | **आय-व्यय विवरण** - गाउँपालिकाको आय–व्यय विवरण तयार गर्दा बैंक हिसाव विवरण, शीर्षकगत तथा एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने एवम् लेखा नीति तथा ढाँचा अवलम्बन गर्नुपर्नेमा सो अनुसार वित्तीय विवरण तयार भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| १.१. | **जिम्मेवारी सारेको:-** गतवर्षको महालेखापरीक्षकको प्रतिवेदनमा मौज्दात जिम्मेवारी रु.७,८५,२८,८७१.४४ रहेकोमा कार्यालयले जिम्मेवारी सार्दा रु. ६७०९६३१५.४४ सारेकोले रु. १,१४,३२,५५६।- घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा छानविन गरी हिसाव विवरण पेश हुनुपर्ने रु. | ११४३२५५६/- |
| १.२. | कार्यालयको श्रेस्ताले देखाएको बैक मौज्दात र बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयको एकिकृत आय व्यय विवरणमा बैक मौज्दात रु. ७६७२०८६०।८५ देखाएको छ । कार्यालयको बैक खाता रहेको र सो बैकको २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार स्थानीय सञ्चितकोष लगायतका ७ वटा बैक खातामा रु.१४७३७०१८१ देखिन्छ ।श्रेस्ता र बैंक स्टेटमेन्ट अनुसार मौज्दातमा रु.७०६४९३२०।१५ फरक देखिएकोमा रु.१०६८३६५०।६० सशर्त अनुदान बापतको रकम फिर्ता गरेको प्रमाण पेश भएको छ । अत : फिर्ता रकम घटाई बाँकी फरक रकम रु. ५,९९,६५,६६९/५५ को बैडक हिसाव मिलान विवरण पेश गर्नुपर्दछ । | |
| १.३. | प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निकासा भएको बजेट खर्चको आर्थिक विवरण प्रमाणित भएको छैन । | |
| १.४. | **लेखा नीति :-** नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय–व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तीय विवरणको तयारी तथा स्वीकृति गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १.५. | **एकिकृत आय-व्यय विवरण :-** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै गाउँपालिकाको एकीकृत आय-व्यय विवरण सूत्र प्रणालीवाट तयार हुने गरेको छैन । | |
| १.६. | पुँजिगत खर्चमा चालु प्रकृतिका खर्चहरु समावेश हुनुहुदैन । कार्यालयको पुंजीगत खर्च शिर्षकमा विषयगत कार्यक्रमहरु जस्तै वृक्षारोपण, भेटेनरी, कृषि स्वास्थ्य लगायतका चालु प्रकृतिका कार्यहरु समावेश भएको हुदाँ पुँजिगत खाताले वास्तविक पुँजिगत खर्चको यथार्थ चित्रण गरेको छैन । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २. | **ढिलो वजेट पारित-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) मा गाँउपालिकाको आगामी वर्षको राजस्व र व्यय(वजेट) को अनुमान आषाढ १० गते भित्र गाँउसभामा पेश हुनुपर्ने र दफा ७१(६) मा सो वजेट असार मसान्त भित्र पारित गरिसक्नु पर्ने उल्लेख छ । गाउँपालिकाले प्रस्ताव गरेको आर्थिक वर्ष २०७५।७६ को रु. ३६४७५४८००।- वजेट मिति २०७५।५।१ को गाउँसभामा पेश गरी पारित गरेको देखियो । ऐनको व्यवस्था वमोजिम समयमा बजेट पारित हुनुपर्दछ । | |
| ३. | **वजेट खर्च गर्ने अख्तियारी-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(१) मा सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने उल्लेख छ । गाउँसभाको २०७५।५।१ को वैठकवाट पारित भएको | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गाउँपालिकाको २०७५।७६ को रु. ३६४७५४८०० वजेटको खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरेको देखिएन । ऐनको व्यवस्था अनुसार वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>एकमुष्ठ वजेट स्वीकृत-गाउँसभामा स्वीकृतिको लागि वजेट प्रस्ताव गर्दा आगामी वर्ष चालु वजेट र पूजीँगत खर्चको वजेट छुटयाई पेश गर्नुपर्दछ । गाँउपालिकाले २०७५।७६ को लागि वजेट प्रस्ताव गर्दा चालु खर्च र पूँजीगत खर्च नछुटयाई एकमुष्ट रु. ३६,४७,५४,८००। वजेट प्रस्ताव गरेको र गाउँसभाको २०७५।५।१ को बैठकवाट सो वजेट पारित भएको देखिन्छ । गाउँपालिकाले सो एकमुष्ट वजेटबाट चालु खर्चमा रु. २०,७१,०४,४९२। र पूँजीगत खर्चमा रु. १४,२१,७०,९६०। समेत जम्मा रु. ३४,९२,७५,४५२। खर्च गरेको छ । सो खर्चलाई गाउँसभाले अनुमोदन गरेको पनि देखिएन । चालु र पूँजीगत खर्च छुटयाई वजेट पारित हुनुपर्ने र खर्च भै सकेपछि पनि सोही अनुसार खर्च अनुमोदन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>लक्ष्य प्रगति-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>शुन्य प्रगति :- गाउँपालिकाले स्वीकृत गरेका बार्षिक कार्यक्रमहरु सञ्चालन गरी शत प्रतिशत प्रगति हासिल हुनुपर्दछ । स्वीकृत कार्यक्रम मध्ये देहायका योजना/कार्यक्रम सञ्चालन हुन नसकी शुन्य प्रगति भएकोले कार्यक्रम सञ्चालन गरी शत प्रतिशत प्रगति हासिल हुनुपर्दछ ।
<table>
<tr><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>जानकी बगैचा देखि मटखन्ना सम्म ग्राभेल बाटो</td><td>२०००००</td></tr>
<tr><td>सूर्यलाल टोल ग्राभेल</td><td>२०००००</td></tr>
<tr><td>पडनरहवा देखि पटरवासम्म सरसफाई</td><td>२०००००</td></tr>
<tr><td>देवनगरिया देखि हरिजनको घर सम्म पि.सि.सि</td><td>१०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.</td><td>चौमासिक खर्च :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाँउपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.३४९२७५४५२।६५ तेश्रो चौमासिक र अषाढमा रु.२६४८४६४८७।६५ अर्थात ७५.८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिक र आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरीनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>आषाढको खर्च - गाँउपालिकाले स्वीकृत वार्षिक कार्यक्रम संचालन गरी मासिक खर्च लेख्दा समानुपातिक र सकेसम्म समान हुने किसिमले खर्च गर्नुपर्दछ । पूँजीगत खर्च तर्फ गाँउपालिका तर्फको मात्र वार्षिक खर्च रु. ११५७५१६७० खर्च भएको छ । सो वार्षिक खर्च मध्ये आषाढ महिनामा मात्र रु. १०१७९६४५०। (८७.९४ प्रतिशत) खर्च लेखेको छ । त्यस्तै देहायका पूँजीगत खर्च शीर्षकमा भएको रु २१८१९२९०। खर्च सवै आषाढ महिनामा भएको देखियो । आर्थिक वर्षको अन्ततिर कार्यक्रम संचालन गरी खर्च गर्दा संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न असहज हुने तथा कार्यक्रमको गुणस्तर कायम गर्न नसकिने लगायतका कारणले समयमै कार्यक्रम संचालन गरी खर्च लेख्नु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम</th><th>वार्षिक खर्च</th><th>आषाढको खर्च</th></tr>
<tr><td>संघीय सरकारवाट हस्तान्तरिक कार्यक्रम</td><td>१६९५१४६</td><td>१६९५१४६</td></tr>
<tr><td>प्रदेश सरकारवाट हस्तान्तरिक कार्यक्रम</td><td>६२४२४८७</td><td>१६४२४८७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>तराइ मधेश समृद्धि कार्यक्रम</td><td>७६२७६२७</td><td>७६२७६२७</td></tr>
<tr><td>मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम</td><td>१२८००००</td><td>१२८००००</td></tr>
<tr><td>स्थानीय पूर्वाधार विकास साझेदारी</td><td>९५७४०३०</td><td>९५७४०३०</td></tr>
<tr><td>जम्मा</td><td>२६,४१९,२९०.००</td><td>२१,८१९,२९०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.</td><td>सेवा प्रवाह- सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण, खुलाई नागरीक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष नागरीकता सिफारिश १२२४, नाता प्रमाणित १८७ घरबाटो सिफारिश ६९५, ब्यक्तिगत घटना दर्ता १३०८ जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>कर्मचारी व्यवस्था :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३३ जना रहे पनि स्थायी पदपूर्ति ८ जना मात्र पूर्ति भई २६ जना करारमा पदपूर्ति भएको विवरण पेश भएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर गर्ने भएकोले स्वीकृत दरबन्दीमा स्थायी पूर्ति हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>निवेदन फछ्र्यौट - स्थानीय जनतालाई नजिकको निकायबाट न्याय सम्पादन गर्ने उद्देश्यले स्थानीय कार्यालयले न्यायिक समितिबाट छिटो निवेदन फछ्र्यौट गरी शीध्र न्याय दिनको लागि परेका निवेदन तथा उजुरी समयमै फछ्र्यौट हुनुपर्दछ । आर्थिक बर्ष २०७५।७६ मा न्यायिक निर्णयको लागि न्यायिक समितिमा परेका निवेदनहरुको माग भएकोमा सोको विवरण पेश भएन । स्थानीयस्तरमा सुशासन कायम गर्ने समितिमा आवश्यक जानकारी तथा समय व्यवस्थापन गरी न्यायिक समितिमा परेका निवेदन शीघ्र फछ्र्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>आन्तरिक नियन्त्रण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>१) कार्यविवरण - कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा नदिएकोले कार्य विवरण समेत तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।<br>२) अभिलेख - कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।<br>३) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ४) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको ।<br>५) वास्तविक सेवा प्रवाहवाट सेवाग्राहीले प्राप्त गरेको सन्तुष्टि, सेवा प्रवाहको सुधार सम्बन्धी क्रियाकलाप गरेको देखिएन ।<br>६) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार नगरी खर्च गरेको ।<br>७) कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण नगराएको ।<br>८) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन ।<br>९) जिन्सी दाखिला गर्दा जिन्सी दाखिला नं., सामानको स्पेशिफिकेशन सप्लायर्स फर्मको नाम सहित विवरण खुलाएर मूल्य अभिवृद्धि कर सहितको मूल्य जिन्सी खातामा अद्यावधिक गर्नुपर्नेमा गरेको छैन ।<br>१०) जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएको विषयहरु पुर्णरुपमा कार्यान्वयन नभएको ।<br>११) भ्रमण अभिलेख खाता तयार गरी सोही बमोजिमको भ्रमण प्रतिवेदन पेश गरी खर्च लेख्नुपर्नेमा सो नगरेको ।<br>अत : आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय सरकार तह (गाँउपालिका) ले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष चालु खर्च तर्फ रु २०७१०४४९२ र पूँजीगत खर्च तर्फ रु १४२१७०९६० समेत जम्मा रु. ३४९२७५४५२ खर्च गरेकोमा सो को आन्तरिक लेखापरीक्षण गरेको छैन । ऐनको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । | |
| १४. | **कन्टिन्जेन्सी खर्च अभिलेख–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था  गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । कार्यालयवाट यस बर्ष भएको कन्टिन्जेन्सी खर्च विवरण माग भएकोमा सो प्राप्त हुन नसकेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरीनु पर्दछ । | |
| १५. | **राजश्व अभिलेख** - कार्यालयले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेकोले स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गाउँपालिकाले यस सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १६. | **व्यवसाय कर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ ।  गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक गरेको पाईएन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा** | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका ब्यहोरा | रकम |
|---|---|---|
| १७. | **निर्माण कार्यको गुणस्तर** - खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष गाउँपालिका कोष पूँजीगतवाट रु.१४,२१,७०,९६०/- निर्माण कार्यको लागि खर्च गरेकोमा अधिंकास योजनाको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ । | |
| १८. | **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरीएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरीएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | |
| १९. | **विद्युतीकरण खर्च -** सवै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले विद्युत पोल, तार खरिद तथा तार तान्ने कामको लागि यस वर्ष रु.४९,१५,१०४/– खर्च गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । अतः अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउँपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २०. | गो.भौ.नं. १६० मिति २०७६।३।२६ बाट महासेठ इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स रुपन्देहीलाई ग्रामिण विद्युतिकरण कार्यको लागि रु.४९१५१०४। खर्च लेखि भुक्तानी भएको छ । सो सप्लायर्ससँग गाउँपालिकाले २०७६।१।२३ गते गरेको सम्झौता अनुसार मूल्य अभिवृद्धि कर सहित सम्झौता रकम रु.४९०९७९३। रहेको देखिन्छ । निजलाई सम्झौता रकम भन्दा रु. ५३११। बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु. | ५३११.०० |
| २१. | **योजना छनौट र विनियोजन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय–व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय–व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभावाट ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय रहेको देखिन्छ । कार्यपालिकाको बैठकवाट बचत तथा मौज्दात रकम, म्याचिङ, र योजना संशोधन गरी बचत भएको रकवाट थप बजेट बनाई दोस्रो सभावाट पारित गराउने गरेको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । योजना छनौटका प्रक्रिया पूरा गरी असार १० गतेभित्रको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानु पर्ने देखियो । | |
| २२. | **योजना परिवर्तन** :-योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । प्राप्त विवरण अनुसार कार्यालयले यसवर्ष विभिन्न वडातर्फ ५३ योजनामा विनियोजन गरेको रु. ४,९१,५०,०००।- तोकिएको योजनामा कार्यान्वयन नगरी योजना संशोधन तथा परिवर्तन गरेको र कार्यपालिकाको बैठकवाट वडाहरुमा हालसम्म योजना संशोधन भई आएका सिफारिश बमोजिम योजना संशोधन गरी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरेको छ । स्वीकृत योजना कार्यान्वयन नगरी तथा संशोधन गर्नुपर्नाको कारण समेत उल्लेख नगरी कार्यपालिकावाट समर्थन गर्ने तथा सभावाट अनुमोदन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| २३. | **तराई मधेश सम्वृद्धि कार्यक्रम**-तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तर्गत सामूहिक आवास गृह निर्माण गर्नको लागि रु.९९,६४,०००। को लागत अनुमान स्वीकृत भएको देखिन्छ । सो लागत अनुमान मध्ये संघीय सरकारवाट व्यहोरिने रु. ९०,००,०००। र उपभोक्ता समूहले व्यहोर्ने रु. ९,६४,०००।को कार्यक्रम स्वीकृत भई रु ९०,००,०००। निकासा लिई रु. ७६,२७,६२७। खर्च भएको स्रेस्ताको नमुना छनौट गरी लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्न छन- | |
| २३.१. | माथि उल्लेखित लागत अनुमानमा भवनको जग खन्ने देखि छत ढलान, विद्युत सम्वन्धी कार्य, स्यानिटरी सम्वन्धी कार्य समावेश गरेको छ । ती सवै कार्य सम्पन्न गरी भवन हस्तान्तरण हुनु पर्नेमा फिनिसिङ्ग कार्य, प्लाष्टर रंग रोगन, विद्युतको कार्य, स्यानिटरी कार्य हुन नसकी रु ९०,००,०००।मध्ये रु ७६,२७,६२७। (८४.७५ प्रतिशत) कार्य भएको देखिन्छ । आवास गृह निर्माण गर्ने कार्य अधुरो देखिएकोले सो निर्माण कार्य समयमा नै सम्पन्न हुनुपर्दछ । | |
| २४. | गाउँपालिकाले निर्माण कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गरेको छ । निर्माण कार्यको दर विश्लेषण गर्दा निर्माण व्यवसायी मार्फत गरिने निर्माण कार्यको र उपभोक्ता समिति मार्फत निर्माण गरिने निर्माण कार्यको छुट्टा छुट्टै दर विश्लेषण गरेको छ । आवास गृह निर्माणको पि.सी.सी फर आर सी.सी (१:१.५:३)-एम २० कार्यको लागि निर्माण व्यवसायी मार्फत निर्माण गराउदा निर्माण व्यवसायीको ओभरहेड जोडनु भन्दा अगाडीको प्रतिघन मीटर दर रु. १३,९८८।९३ र १५ प्रतिशत ओभरहेड रु १६,०८७।२७ जोडी प्रति घन मीटर दर रु. १६,०८७।२७ स्वीकृत गरेको छ । तर उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यमा सोही आइटम अर्थात एम २० मा रु. १५,३२०।१३ हुने गरी दर विश्लेषण गरेको छ । तर उपभोक्ता समिति मार्फत निर्माण गरीने कार्यमा सोही आइटम आर्थात एम २० मा रु १५३२०।१३ हुने गरी दर विश्लेषण | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेको छ । निर्माण व्यवसायीको ओभरहेड जोड्नु भन्दा अगाडीको दर रु. १३,९८८।९३ भन्दा वढी नहुने गरी उपभोक्तावाट कार्य गराउनु पर्नेमा सिमेन्टको मूल्य बढी राखी सो भन्दा बढी दर अर्थात प्रति घ.मी रु.१५,१४५।७६ का दरले भुक्तानी भएको देखियो । जसवाट प्रति घन मीटर रु. १,१५६।८३ बढीका दरले भुक्तानी भएको देखियो । सो आइटममा लागत अनुमानको परिमाण १४० घ.मी मध्ये गो.भा.न ३ मिति २०७६।३।२५ वाट रु २८,०६,५६४ भुक्तानी हुँदा अन्तिम वीलमा ११३.८५ घ.मी को प्रति घ.मी रु. १५,१४५।७६ ले रु १७,२४,३८८। भुक्तानी गरेको छ । सो भुक्तानी परिमाण ११३.८५ घ.मी को बढी दर रु. ११५६।८३ ले हुने रु. १३१७०५ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखिँदा असूल गर्नुपर्ने रु.</td><td>१३१७०५.००</td></tr>
<tr><td>२५.</td><td>गो.भा.नं. ३ मिति २०७६।३।२५ वाट अन्तिम वीलको रु. २८०६५६४ भुक्तानी भएको र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । सम्झौता अन्तर्गत प्लाष्टर, विद्युतीकरण कार्य, रंगरोगन, स्यारिटरी लगायतका कार्य वाँकी रहदै कार्य सम्पन्न प्रतिवेदन (रु.७६२७६२७) तयार गर्न मनासिव देखिएन । निर्माण कार्यसम्पन्न भनी प्रतिवेदन गर्दा आगामी वर्ष सो आवास गृह निर्माणको लागि वजेट विनियोजन नगरिने भएकाले निर्माण कार्य अधुरो रहने स्थिति देखियो ।</td><td></td></tr>
<tr><td>२६.</td><td>रुपन्देही जिल्लाको आर्थिक वर्ष २०७५।७६ को जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर वाहेक पि.पि.सी. सिमेन्ट नेपालीको प्रतिवोरा रु ६७० र ओ.पि.सी. सिमेन्ट नेपालीको प्रतिवोरा रु. ७६० उल्लेख छ । उपभोक्ता समितिले आर.पी ट्रेड लिंक सिद्धार्थनगरबाट व्राण्ड र उत्पादक कम्पनी उल्लेख नगरी खरिद गरेको देखिन्छ । गोश्वारा भौचर साथ संलग्न सो ट्रेड लिंगको देहायका विलवाट मूल्य अभिवृद्धि वाहेक प्रतिवोरा ५६० का दरले १९९८ वोराको रु. १११८८८० सिमेन्ट खरिद गरेको देखिन्छ । विलमा उल्लेखित प्रति वोरा सिमेन्टको मूल्य हेर्दा पि.पि.सी. सिमेन्ट खरिद भएको देखिन्छ । पि.पि.सी. सिमेन्टको मूल्य ओ.पि.सी.सिमेन्टको मूल्य भन्दा सस्तो पर्ने हुन्छ । लागत अनुमानको दर विश्लेषणमा ओ.पि.सी. सिमेन्टको मुल्य राखेको तर उपभकोक्ताले सिमेन्ट खरिद गर्दा पि.पि.सी.सिमेन्ट खरिद गरेको देखियो । पि.पि.सी. सिमेन्ट प्रयोग गर्दा ओ.पि.सी. सिमेन्टको भन्दा निर्माण कार्य कम गुणस्तरको हुने हुँदा गाउँपालिकाले यस सम्वन्धमा ध्यान पुर्‍याएको नदेखिएकोले गुणस्तर सम्वन्धमा छानवीन हुनुपर्दछ ।
<table>
<tr><th>वील नं.</th><th>वील मिति</th><th>सीमेन्ट वोरा</th><th>दर प्रति वोरा</th><th>रकम</th></tr>
<tr><td>१६</td><td>२०७६/१/२८</td><td>३००</td><td>५६०</td><td>१६८०००</td></tr>
<tr><td>१७</td><td>२०७६/१/२९</td><td>४००</td><td>५६०</td><td>२२४०००</td></tr>
<tr><td>१८</td><td>२०७६/२/१</td><td>४००</td><td>५६०</td><td>२२४०००</td></tr>
<tr><td>२०</td><td>२०७६/२/५</td><td>४५०</td><td>५६०</td><td>२५२०००</td></tr>
<tr><td>२१</td><td>२०७६/२/७</td><td>४४८</td><td>५६०</td><td>२५०८८०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९९८</td><td></td><td>१११८८८०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>प्रादेशिक सरकारवाट हस्तान्तरित कार्यक्रम</td><td></td></tr>
<tr><td>२७.</td><td>प्रस्तुत कार्यक्रम संचालन गर्नको लागि रु ९६००००० विनियोजन गरेकोमा रु ९० लाख निकासा लिई रु ६२४२२८७खर्च लेखेको छ । खेल मैदान निर्माण गर्न विनियोजित रु.३६००००० मध्ये रु ३५८१४५४ खर्च भई ९९.४८ प्रतिशत प्रगति भएको र वहुउद्देश्यीय हल निर्माण गर्न विनियोजित रु ६०००००० मध्ये रु. २६६१०३३ खर्च भई ४४.३५ प्रतिशत प्रगति भएको स्रेस्ताको नमूना छनौट गरी लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्न छन :-</td><td></td></tr>
<tr><td>२७.१.</td><td>वहुउद्देश्यीय हल निर्माण गर्न रु. ६४११८२७ को लागत अनुमान मध्ये कार्यालयवाट व्यहोर्ने रु ६०००००० र उपभोक्ता समितिले व्यहोर्ने रु. ४११८२७ रहेको देखिन्छ । कार्यालयले व्यहोर्ने रु ६०००००० मध्ये गो.भौ.न ३ मिति २०७६।३।२५ वाट प्रथम तथा अन्तिम वीलको रु. २६६१०३३ भुक्तानी भएको देखिन्छ । सो अन्तिम वीलको आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>उपभोक्ता समितिसँग भएको सम्झौता मध्ये प्लाष्टर, फिनिसिङ्ग, रंगरोगन, विद्युतको कार्य वाँकी छँदै अर्थात ५५.६५ प्रतिशत काम वाँकी रहदै गरेको अवस्थामा ठेक्का फाइनल गरी कार्य सम्पन्न प्रतिवेदन तयार भएको देखियो । वजेट निकासा समेत प्राप्त भएकोमा ५५ प्रतिशत काम वाँकी रहेको अवस्थामा ठेक्का सम्पन्न गर्नु मनासिव देखिदैन । निर्माण सम्पन्न भएको भनि माथिल्लो निकायमा प्रतिवेदन पेश गर्दा आगामी वर्षको लागि पनि वजेट विनियोजित नहुने अवस्था छ । यथार्थमा वहुउद्देश्यीय हल निर्माण गर्ने कार्य वाँकी रहदै कार्य सम्पन्न प्रतिवेदन तयार गर्न मिल्ने देखिएन ।</td><td></td></tr>
<tr><td>२७.२.</td><td>गाउँपालिकाले निर्माण कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गरेको छ । निर्माण कार्यको दर विश्लेषण गर्दा निर्माण व्यवसायी मार्फत गरिने निर्माण कार्यको दर विश्लेषण गर्दा निर्माण व्यवसायी मार्फत गरिने निर्माण कार्यको र उपभोक्ता समिति मार्फत निर्माण गरिने निर्माण कार्यको छुट्टा छुट्टै दर विश्लेषण गरेको छ । वहुउद्देश्यीय हल निर्माणको देहायका आइटमहरुमा निर्माण व्यवसायी मार्फत निर्माण गराउँदा निर्माण व्यवसायीको ओभरहेड जोड्नु भन्दा अगाडिको प्रति इकाइ दरमा नै उपभोक्ता समितिसँग कार्य गराउनु पर्नेमा सो दरभन्दा निम्न आइटममा मात्र बढी दरमा जम्मा रु १३८२९१ बढी भुक्तानी भएकोले सो वढी भुक्तानी भएको रकम छानवीन गरी असुल गर्नुपर्ने रु
<table>
<tr><th>आइटम</th><th>एकाई</th><th>भुक्तानी दर</th><th>भुक्तानी हुनुपर्ने दर</th><th>बढी दर</th><th>भुक्तानी परिमाण</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>पी.सि.सी फरआर. सि.सि</td><td>घ.मी</td><td>१५१४५.७६</td><td>१३९८८.९३</td><td>११५६.५३</td><td>६५.२७</td><td>७५५०६</td></tr>
<tr><td>टेनफोर्समेन्ट</td><td>घ.मी</td><td>११०.३९</td><td>९९.५५</td><td>१०.८४</td><td>५७९२</td><td>६२७८५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१३८२९१.०</td></tr>
</table></td><td>१३८२९१.००</td></tr>
<tr><td>२८.</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम- प्रस्तुत कार्यक्रममा रु. १०४६३००० निकासा लिई रु ९५७४०३० खर्च गरेको स्रेस्ताको नमूना छनौट गरी लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन-</td><td></td></tr>
<tr><td>२८.१.</td><td>नर्म्सको प्रयोग- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा नेपाल सरकार मन्त्रिपरिषद्वाट स्वीकृत भएको नर्म्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सडक विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक(डोलिडार), जलस्रोत तथा सिंचाई विभाग लगायतका विभागले आ-आफ्नो नर्म्स किताव प्रकाशित गरी प्रयोगमा ल्याएका छन । यो गाँउपालिकाले कुन विभागको नर्म्स प्रयोग गर्ने भन्ने विषयमा निर्णय गरेको छैन । गाँउपालिकाले साविक स्थानीय विकास मन्त्रालय अन्तरगतको डोलिडारले प्रकाशित गरेको नर्म्स उपयोगमा ल्याउनु पर्नेमा सडक विभागको नर्म्स प्रयोग गरी ग्राभेल (सववेस) को कार्य गरेको छ । तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सामूहिक आवास गृह निर्माण गर्ने कार्यमा भने गाउँपालिकाले डोलिडार कै नर्म्स (फलामे डण्डीको कार्य) प्रयोग गरेको छ । डोलिडारको नर्म्स अनुसार एक घन मीटर ग्राभेल कार्य गर्न १.१० घनमीटर ग्राभेल आवश्यक पर्ने उल्लेख छ तर सडक विभागको नर्म्समा भने एक घन मीटर ग्राभेल गर्दा १.२८ घनमीटर ग्राभेल लाग्ने उल्लेख छ । जसवाट प्रति घनमीटर ग्राभेल गर्दा ०.१८ घनमीटर बढी ग्रोभल लाग्ने गरी लागत अनुमानको दर विश्लेषण गरेको देखियो । गाँउपालिकाको लागत अनुमानकै दरमा उपभोक्ता समितिसँग कार्य गराएको छ । बढी परिमाणको नर्म्स प्रयोग गरी ग्राभेल गर्दा देहायका उपभोक्ता समितिलाई मात्र रु. ३७६८१९ बढी भुक्तानी भएकोले यस सम्वन्धमा स्पष्ट गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.न मिति</th><th>सडक उपभोक्ता समिति</th><th>भुक्तानी परिमाण घ.मी</th><th>बढी भुक्तानी परिमाण</th><th>प्रति घ.मी दर</th><th>बढी रकम</th></tr>
</table></td><td>३७६८१९.००</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>घ.मी</td><td></td><td></td></tr>
<tr><td>१-२०७६/३/२९</td><td>पण्डित टोल देखि चौकी सम्मको सडक</td><td>३०७.४८</td><td>५३.३४</td><td>२०२२</td><td>१०७८५३</td></tr>
<tr><td>३-२०७६/३/२९</td><td>मेनवाटो देखि गाँउ पूर्वको वाटो</td><td>४३३.९९</td><td>७८.११</td><td>२०२२</td><td>१५७९३८</td></tr>
<tr><td>४-०७६/३/२९</td><td>कचहरीहवा देखि पचवारेघाट सम्म</td><td>३०५.०३</td><td>५४.९१</td><td>२०२२</td><td>१११०२८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३,७६,८१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.</td><td>मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम (पूँजीगत तर्फ) - मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम संचालन गर्नको लागि रु. १२८०००० वजेट विनियोजन भएकोमा सम्पूर्ण रकम खर्च गरेको स्रेस्ताको लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्न छन-</td><td></td></tr>
<tr><td>२९.१.</td><td>सोझै खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा वीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभारपत्र आहवान गरी खरिद गर्न सक्ने उल्लेख छ । मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम संचालन गर्न रु. १२००००० विनियोजन भएको र सो कार्यक्रम अन्तर्गत विपन्न परिवारलाई छाना निर्माणको लागि जस्ता पाता लगायतका निर्माण सामग्री गाँउपालिकाले खरिद गरी वितरण गरेको वील भरपाई संलग्न गरेको छ । भुदेव ट्रेडिंग विराटनगर वाट एउटै मिति २०७६।३।३० का निम्नानुसार ३ थान वील संलग्न गरी रु.१०७०८४०। खर्च लेखेको छ । नियमावलीको सो व्यवस्था अनुसार सिलवन्दी दरभाउपत्र आहवान गरी प्रतिष्पर्धात्मक रुपमा खरिद गर्नुपर्नेमा एउटै मितिका रु ५ लाख मुनिका वीलबाट खरिद गरेकोले नियम अनुसार खरिद गर्नुपर्ने रु.
<table>
<tr><th>वील नं.</th><th>वील मिति</th><th>रकम</th></tr>
<tr><td>०२७४२</td><td>२०७६/३/३०</td><td>४९५०००</td></tr>
<tr><td>०२७४३</td><td>२०७६/३/३०</td><td>४९३०००</td></tr>
<tr><td>०२७४४</td><td>२०७६/३/३०</td><td>८२८४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०७०८४०</td></tr>
</table>
</td><td>१०७०८४०/-</td></tr>
<tr><td>३०.</td><td>मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम (चालुखर्च)- ३-२०७६।३।२४- सूचना प्रविधि अधिकृत आशुतोष त्रिपाठीलाई सामुदायिक विद्यालयमा २०७६ वैशाखमा भर्ना हुने वाल विकासका वालवालिकालाई झोला, ड्रेस, कपी र पेन्सिल वितरण गरेको भनी रु. ८००००० र अपांगता भएका व्यक्तिहरुलाई हवील चेयर तथा कृत्रिम हातखुट्टा वितरण गरेको भनी रु. ३००००० खर्च लेखी पारिश्रमिक तथा अग्रिम कर कट्टा गरेर वाँकी रहेको रु. १०७५३४८ सोधभर्ना दिएको छ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>पशुपति फेन्सी हाउस, भैरहवाको मिति २०७६।३।१५ को वीलवाट फेन्सी सुर्टिङ कपडा खरीदको रु. १४९५३२ सोही पसलको सोही मितिको वील वाट रु. १५०५९९ अन्नपूर्ण मल्टी इजी इन्डष्ट्रिज प्रा.लि. को २०७६।३।१३ को वीलबाट नेपाली कपि खरिदको रु. १३०००० आदर्श इन्टरनेशनल बुटवलको २०७६।३।१३ को वीलवाट हवील चियर लगायतका सामग्री खरिद गरेको रु. २६४००० समेत सूचना प्रविधि अधिकृतलाई नै सोधभर्ना दिएको छ । वील मिति भन्दा खर्च लेखेको मिति पछि रहेकोमा सम्वन्धित आपूर्तकलाई नै सीधै भुक्तानी दिनुपर्नेमा कर्मचारीलाई सोधभर्ना दिई निज मार्फत आपूर्तकलाई भुक्तानी गर्न मनासिव देखिएन ।</td><td></td></tr>
<tr><td>३२.</td><td>विद्यालयका विद्यार्थीहरुलाई झोला, ड्रेस, कापी, कलम, पेन्सिल वितरण गर्ने कार्यक्रम रहेकोमा सम्वन्धित विद्यालयका विद्यार्थीको नामावलीको सूची राखी सम्वन्धित विद्यालयका कक्षा शिक्षक तथा प्रधानान्यापकलाई वितरण गरेको देखियो । त्यस्तै अपाङ्गता भएका व्यक्तिलाई सामग्री नवुझाई अर्चना लगायतका व्यक्तिको हस्ते मार्फत वितरण गरेको देखियो । लक्षित वर्गसम्म पुग्नु पर्ने कार्यक्रमको उद्देश्य रहेकोमा सम्वन्धित विद्याथी र अपाङ्गता भएका व्यक्तिको सामग्री पाएको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>भरपाई संलग्न गरेको देखिएन । सम्वन्धीत विद्यालयका कक्षा शिक्षक तथा प्रधानाध्यापकलाइ वितरण गर्ने गरी गाउपालिकाले निर्णय गरेको पनि देखिदैन । यस सम्वन्धमा व्यवस्थापनसँग छलफल गर्दा साना साना उमेरका विद्यार्थीले भरपाइ दस्खत गर्न नसक्ने जानकारी भयो । लक्षित वर्गले वितरीत सामाग्री पाएको सुनिश्चत हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>१०-<u>२०७६।३।२६</u>सुचना प्रविधि अधिकृत आशुतोष त्रिपाठीको विपन्न वर्गका व्यक्तिहरुलाई रोजगार विकास कार्यक्रम अन्तर्गत बाखा वितरण कार्यक्रमको सञ्चालन गर्न रु.६४५०००। पेश्की फछ्र्यौट गरेको छ । सो पेश्की फछ्र्यौट गर्दा जुली गिरी सप्लायर्स नवलपरासीको रु.२० हजार घटिका ४९ थान विलबाट रु. ६१८,६५०। को बाखा खरिदको विल संलग्न गरेको छ । वीलमा जमुनापारी सानो ठुलो, बोयर बोका खरिद भएको र वीमा तौलको आधारमा नभई प्रति संख्याको आधारमा दर राखेको छ । सो सप्लायर्सले बोका बाखा सप्लाई गर्न इजाजत लिएको कागजात संलग्न नरहेको, प्रति इकाई दरमा विविधता भएको, स्वस्थ बोका बाखा खरिद भए नभएको प्रमाणित नभएकोले सो सम्बन्धित कागजात पेश हुनुपर्ने रु.</td><td>६१८६५०.००</td></tr>
<tr><td></td><td>वित्तीय समानीकरण पूँजीगत</td><td></td></tr>
<tr><td></td><td>परामर्शदाताबाट खरिदः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा सार्वजनिक निकायले वीसलाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने उल्लेख छ । सो भन्दा माथिको रकमको सार्वजनिक रुपमा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्दछ । गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र गरिने देहायको कार्यको परार्मश सेवा लिई रु.४९८२६४५/-खर्च गरेको छ । एउटै गाउँपालिका क्षेत्र भित्रको कार्यलाई एउटै प्याकेज बनाई सार्वजनिक रुपमा प्रस्ताव माग गरी सेवा लिन सकिनेमा पटक पटक सेवा लिई परामर्श खर्च लेखेको छ । प्रतिष्पर्धात्मक रुपले परामर्शदाता छनौट गरी परामर्श सेवा लिनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>परामर्शदाता</th><th>कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३-२०७५/११/२७</td><td>बाजरा कन्सल्टिङ प्रा.लि</td><td>गा.पा भवन निर्माण स्थल माटो परीक्षण</td><td>४७७९९०</td></tr>
<tr><td>४-२०७५/११/२७</td><td>बाजरा कन्सल्टिङ प्रा.लि</td><td>वडा नं.५ भवन निर्माण स्थल माटो परीक्षण</td><td>४७२३४०</td></tr>
<tr><td>५-२०७५/१२/५</td><td>समर कन्सल्टेन्सी</td><td>वडा नं.७ भवन निर्माणस्थल माटो परीक्षण</td><td>४५५९५५</td></tr>
<tr><td>६-२०७५/१२/५</td><td>एन.जि.सि ल्याव</td><td>वडा नं.३ स्वास्थ्य केन्द्र निर्माणस्थल माटो परीक्षण</td><td>४६१५४०</td></tr>
<tr><td>७-२०७५/१२/१७</td><td>अप्टिमम स्टक्चर्स प्रा.लि</td><td>गा.पा भवन डि.पि.आर</td><td>४११५४६</td></tr>
<tr><td>८-२०७५/१२/१७</td><td>नेष्ट प्रा.लि</td><td>वडा नं.५ डि.पि.आर</td><td>४११५४६</td></tr>
<tr><td>९-२०७५/१२/१७</td><td>एन.जि.सि.ल्याव</td><td>वडा नं.६ भवन निर्माणस्थल माटो परीक्षण</td><td>४६१०४०</td></tr>
<tr><td>१०-२०७५/१२/१७</td><td>समर कन्सल्टेन्सी</td><td>वडा नं.२ भवन निर्माण स्थल माटो परीक्षण</td><td>४५५९५५</td></tr>
<tr><td>१२५-२०७६/३/२४</td><td>सिस्टमेटिक इन्जिनियरिङ</td><td>वडा नं.७ भवन निर्माण डि.पि.आर</td><td>४६००९०</td></tr>
<tr><td>११४-२०७६/३/२४</td><td>इन्नोभेटिभ कन्सल्टेन्ट</td><td>वडा नं.२ डि.पि.आर</td><td>४६०२०३</td></tr>
<tr><td>११५/.२०७६/३/२४</td><td>मधकिर्मी इन्जिनियरिङ</td><td>स्वास्थ्य केन्द्र डि.पि.आर</td><td>४५४४४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४९८२६४५/-</td></tr>
</table></td><td>४९८२६४५/-</td></tr>
<tr><td>३३.१.</td><td>गाउँपालिका भवन निर्माण गर्नको लागि वडा नं.४ को खैरा भन्ने स्थानमा परामर्शदाताबाट रु.४७७९९०। मा माटो परीक्षण गरेको र सो स्थानमा भवन निर्माण गर्न रु.४८९६००। मा डि.पि.आर समेत तयार गरी परार्मशदातालाई जम्मा रु. ९६७५९०। भुक्तानी भएको देखियो । माटो परीक्षण र डि.पि.आर तयार गरेको स्थलको विवाद भई भवन निर्माण कार्य शुरु हुन सकेको देखिएन । गाउँपालिकाले निर्माण स्थलको टुंगो नलागि निर्माण कार्य अगाडि बढाएकोले सोमा भएको खर्च प्रभावकारी हुन सकेको देखिएन । भवन निर्माण स्थलको टुंगो लगाएर मात्र गाउँपालिकाको भवन निर्माण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.२.</td><td>उल्लेखित डि.पि.आर.(प्रतिवेदन) गाउपालिकको सम्पत्ती भएकोले जिन्सी खातामा आम्दानी वाध्नु</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका ब्यहोरा | रकम |
|---|---|---|
| | पर्नेमा वाधेको देखिएन ति प्रतिवेदन जिन्सी खातामा आम्दानी वाध्नु पर्दछ | |

३४. **ग्राभेल (सब बेस, मस्कट) नर्म्सको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा नेपाल सरकार मन्त्रिपरिषद्‌वाट स्वीकृत भएको नर्म्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सडक विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक(डोलिडार), जलस्रोत तथा सिंचाई विभाग लगायतका विभागले आ-आफ्नो नर्म्स किताव प्रकाशित गरी प्रयोगमा ल्याएका छन । यो गाँउपालिकाले कुन विभागको नर्म्स प्रयोग गर्ने भन्ने विषयमा निर्णय गरेको छैन । गाँउपालिकाले साविक स्थानीय विकास मन्त्रालय अन्तरगतको डोलिडारले प्रकाशित गरेको नर्म्स उपयोगमा ल्याउनु पर्नेमा सडक विभागको नर्म्स प्रयोग गरी ग्राभेल (सववेस) को कार्य गरेको छ । तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सामूहिक आवास गृह निर्माण गर्ने कार्यमा भने गाउँपालिकाले डोलिडार कै नर्म्स (फलामे डण्डीको कार्य) प्रयोग गरेको छ । डोलिडारको नर्म्स अनुसार एक घन मीटर ग्राभेल कार्य गर्न १.१० घनमीटर ग्राभेल आवश्यक पर्ने उल्लेख छ तर सडक विभागको नर्म्समा भने एक घन मीटर ग्राभेल गर्दा १.२८ घनमीटर ग्राभेल लाग्ने उल्लेख छ । जसवाट प्रति घनमीटर ग्राभेल गर्दा ०.१८ घनमीटर बढी ग्रोभल लाग्ने गरी लागत अनुमानको दर विश्लेषण गरेको देखियो । गाँउपालिकाको लागत अनुमानकै दरमा उपभोक्ता समितिसँग कार्य गराएको छ । बढी परिमाणको नर्म्स प्रयोग गरी ग्राभेल गर्दा देहायका उपभोक्ता समितिलाई मात्र रु. १९४२९८६। बढी भुक्तानी भएकोले यस सम्वन्धमा स्पष्ट गर्नुपर्ने रु.

| गो.भौ.नं. मिति | सडक उपभोक्ता समिति | भुक्तानी परिमाण घ.मि | बढि भुक्तानी परिमाण घ.मि | प्रति घ.मि दर | बढि रकम |
|---|---|---|---|---|---|
| १०१-२०७६/३/२४ | श्री हरियाली सडक ग्राभेल उ.स | १७६.७३ | ३१.८१ | २०२२ | ६४३१९ |
| १०२-२०७६/३/२४ | श्री राधाकृष्ण सडक माटो ग्राभेल उ.स | १२६.१४ | २२.७० | २०२२ | ४५८९९ |
| १०५-२०७६/३/२४ | श्री समयमाई सडक ग्राभेल उ.स | ५० | ९ | २०२२ | १८१९८ |
| १५०-२०७६/३/२६ | श्री दुर्गामाई माता ग्राभेल उ.स | १५३.२ | २७.५८ | २०२२ | ५५७६६ |
| १४८-२०७६/३/२६ | श्री कालिमाई माता ग्राभेल उ.स | १२७.४१ | २२.९८ | २०२२ | ४६४६५ |
| १४७-२०७६/३/२६ | श्री कोटहीमाई माटो ग्राभेल उ.स | ५१.०२ | ९.०१८ | २०२२ | १८५६१ |
| ६६-२०७६/३/१६ | श्री हनुमान सडक ग्राभेल निर्माण उ.स | १७०.६४ | ३०.७१ | २०२२ | ६२०९५ |
| ६८-२०७६/३/१७ | श्री ओवामाई माटो ग्राभेल निर्माण उ.स | १६०.२४ | २८.८४ | २०२२ | ५८३१४ |
| ७४-२०७६/३/१८ | श्री कालिमाई सडक ग्राभेल उ.स | १०२.१३ | १८.३८ | २०२२ | ३७१६४ |
| ११२-२०७६/३/२४ | कालिमाई सडक निर्माण उ.स | ६०१.३३ | १०८.२४ | २०२२ | २१८८६१ |
| १११-२०७६/३/२४ | जनजागरण मर्मत उपभोक्ता समिति | १२८ | २३.०४ | २०२२ | ४६५८६ |
| १०७-२०७६/३/२४ | बुद्ध माटो ग्राभेल निर्माण उ.स | २७२.७९ | ४९.१ | २०२२ | ९९२८० |
| ८३-२०७६-३/१८ | बैरिहवा चन्द्रीका कुर्मीको घर देखि अर्जुन सिंहको खेतसम्म ग्रे.नि.उ.स | १६१.८९ | २९.१४ | २०२२ | ५८९२१ |
| ७८-२०७६/३/१८ | लक्ष्मी माटो सडक ग्राभेल उ.स ४ | १७३.८२ | ३१.२८ | २०२२ | ६३२४८ |
| ७७-२०७६/३/१९ | वनवारी कुर्मीको घरदेखि बालकदास काटी सम्मको माटो ग्राभेल निर्माण उ.स | ७७.०३ | ५३.८६ | २०२२ | २८०२४ |
| १५५-२०७६/३/२६ | शिवशक्ति माटो ग्राभेल उ.स ४ | ४५.९५ | ८.२७ | २०२२ | १६७२१ |
| १४६-२०७६/३/२६ | कालिमाई माटो तथा ग्राभेल उ.स | १५५.९६ | २८.०७ | २०२२ | ५६७५७ |
| १४४-२०७६/३/२६ | भवानीमाई कालोपत्र उ.स ४ | ३००.१७ | ५४.०३ | २०२२ | १०९२४८ |
| १७१-२०७६/३/२९ | नगरदेखि पचवारे घाट | ३५४.८७ | ६३.८७ | २०२२ | १२९१४५ |
| १२१-२०७६/३/२४ | समरीमाई सडक | २५०.६५ | ४५.११ | २०२२ | ९१२१२ |
| १२३-२०७६/३/२४ | कोटहीमाई सडक | ७७.२२ | १३.९० | २०२२ | २८१०५ |
| १३४-२०७६/३/२४ | कालीमाई माटो ग्राभिल | ३८२.१५ | ६८.७८ | २०२२ | १३९०७३ |
| १३५-२०७६/३/२५ | कालिमाई माटो ग्राभिल | १५८.२९ | २८.४९ | २०२२ | ५७६०६ |
| १३७-२०७६/३/२५ | जय अम्बे माटो ग्राभेल | २२१.१२ | ३९.८० | २०२२ | ८०४७५ |

रकम: १९४२९८६.००

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>११७-२०७६/३/२४</td><td>विचौनपुर देखि सुरहवा सडक</td><td>५३१</td><td>९५.५८</td><td>२०२२</td><td>१९३२६२</td></tr>
<tr><td>११८-२०७६/३/२४</td><td>मेन बाटो देखि मुरली पारवको घर</td><td>१२८.५१</td><td>२३.१३</td><td>२०२२</td><td>४६७६८</td></tr>
<tr><td>११९-२०७६/३/२४</td><td>राजेशको बगैचा देखि जोगिहवा</td><td>२००.३५</td><td>३६.०६</td><td>२०२२</td><td>७२९१३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१९४२९८६.</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.</td><td>जिन्सीको एकिकृत खाता :- गाउँपालिकाले विषयगत कार्यालयका भवन, फर्निचर, कम्प्युटर लगायतका जिन्सी मालसामान गाउँपालिकाको एकिकृत जिन्सी खातामा आम्दानी बाँध्नु पर्नेमा आम्दानी बाँधेको देखिएन । गाउँपालिका मातहत रहेका स्वास्थ्य, शिक्षा, पशु, कृषि लगायत सबै विषयगत शाखाहरुको जिन्सी खाता एउटै एकिकृत रुपमा खडा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>मर्मत सम्भार कोष :- गाउँपालिका क्षेत्र भित्र विभिन्न कार्यको मर्मत सुधार गर्न मर्मत सुधार कोष खडा गरेको छ । सोकोबाट खर्च लेख्दा कार्यविधि तर्जुमा गरी खर्च गर्नुपर्दछ । गाउँपालिकाले त्यस्तो कार्यविधि तर्जुमा गरेको देखिएन । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट प्रशासनिक निर्णय गरी, लागत अनुमान, सम्झौताको आधारमा खर्च लेख्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन समेत गाउँपालिका अध्यक्षले स्वीकृत गरी भुक्तानी दिने भनी उल्लेख गरेको तोक आदेश अनुसार देहाय अनुसार रु. १०६८०००। खर्च लेखेको देखियो । प्रशासनिक कर्मचारीको निर्णयको आधारमा मर्मत सम्भार गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>रकम</th></tr>
<tr><td>२-२०७५/१२/११</td><td>१००८०००</td></tr>
<tr><td>४-२०७५/१२/२४</td><td>६००००</td></tr>
<tr><td>जम्मा</td><td>१०६८०००</td></tr>
</table></td><td>१०६८०००/-</td></tr>
<tr><td></td><td>व.उ.शि.न. (८०५४८५०९००१)</td><td></td></tr>
<tr><td>३७.</td><td>तलबी प्रतिवेदन :- निजामती सेवा ऐन,२०४९ को दफा ७ वमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गरी तलव खर्च लेखनुपर्नेमा गाउपालिकाले तलवी प्रतिवेदन पारीत गरेको छैन । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही र यथार्थ परक हो भनि एकीन गर्न सकिएन । गाउपालीकाले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी तलव खर्च लेखनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>बिना प्रतिस्प्रर्धा खरिदः-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) खरिद प्रतिसप्रर्धा समिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने उल्लेख छ । नमुना छनोटको आधारमा परीक्षण गरेकोमा गाउपालिकाले मसलन्द तथा कार्यालय सामान,कम्प्युटर प्रिन्टर लगायतका सामानहरुको कोटेसन लिएर रु.५ लाखमा नबढाई सोझै खरिद गरी रु २३४१७९३। खर्च लेखेको छ । यसले खरिद कार्य मितव्ययी नहुनुको साथै खरिद कार्य कानुन सम्मत नदेखिएकोले कानुनको पालना गरी खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>ग्रेड रकमको भत्ता : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी,मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव,भत्ता,दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च पाउने व्यवस्था छ । गाउपालिकाले केन्द्रिय चालु अनुदानबाट गाउसभाको निर्णयबाट गाउपालीका कर्मचारी तथा विषयगत अन्तर्गतका तहका कर्मचारीहरुलाइ मासिक रुपमा शुरु तलव र ग्रेड समेतको २५ देखि ५० प्रतिशतको दरमा स्थानिय भत्ता खर्च लेखेको छ । गाउपालीकाको आन्तरिक आय समेतलाइ मध्ये नजर गरी स्थानिय तहका कर्मचारीले पाउने सुविधामा एक रुपता कायम हुने गरी सेवा सुविधा सम्वन्धी कानुन वनाएर कर्मचारीलाइ थप सुविधा दिनु पर्दछ । विकास निर्माणको काममा खर्च गर्नुपर्ने रकम स्पस्ट आधार एवं कार्यविधि विना स्थानिय भत्ता खर्च लेखेको छ । गाउपालिकाको तेस्रो गाउसभाको</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | निर्णय अनुसार कर्मचारीहरुलाइ शुरु तलवको मात्र स्थानिय भत्तामा खर्च लेख्नु पर्नेमा निम्न कर्मचारीहरुलाइ ग्रेड रकम समेतको २५ देखि ५० प्रतिशत सम्म थप गरी स्थानिय भत्ता खर्च लेखेको रकम असुल गर्नुपर्ने रु . | ७२९२६.०० |

| कर्मचारीको नाम | ग्रेड रकम | प्रतिशतको दर | भत्ता रकम |
|---|---|---|---|
| चिरञ्जीवी सापकोटा | ४०६८ | ५० | २०३४. |
| शेखरनाथ अर्याल | १२५२८ | ५० | ६२६४ |
| शैलेन्द्रनाथ मिश्र | ३१३२० | २५ | ७८३०. |
| गुञ्जेश्वरी प्रसाद चौधरी | २५०५६ | २५ | ६२६४ |
| जय गोपाल सिंह | २३६४८ | २५ | ५९१२ |
| शिव कुमार यादव | २३६४८ | २५ | ५९१२ |
| रामानन्द बरइ | २३६४८ | २५ | ५९१२ |
| रामचन्द्र यादव | २३६४८ | २५ | ५९१२ |
| गुलाव यादव | २३६४८ | २५ | ५९१२ |
| गणेश पाण्डे | ३१९६० | २५ | ७९९०. |
| चन्द्रिका कुर्मी | १२९८४ | २५ | ३२४६ |
| विष्णुनाथ यादव | १२९८४ | २५ | ३२४६ |
| लौलाइ यादव | १२९८४ | २५ | ३२४६ |
| धर्मेन्द्र कुर्मी | १२९८४ | २५ | ३२४६ |
| जम्मा | | | ७२९२६. |

४०. **स्थानिय भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी,मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव,भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च पाउने व्यवस्था छ । गाउपालीकाले केन्द्रिय चालु अनुदानबाट गाउसभाको निर्णयबाट गाउपालीका कर्मचारी तथा विषयगत अन्तर्गतका तहका कर्मचारीहरुलाइ मासिक रुपमा कर्मचारीको तह अनुसार शुरु तलवको २५ प्रतिशत देखि ५० प्रतिशत सम्म कर्मचारीको हकमा कार्यसम्पादन सुचकांकका आधारमा भत्ता दिने निर्णय गरेकोमा कार्यालयले कर्मचारीको कार्यसम्पादन सुचकांक वेगर रु १४४१६८२। स्थानिय भत्ता खर्च लेखेको छ । गाउपालीकाको आन्तरिक आय समेतलाइ मध्ये नजर गरी स्थानिय तहका कर्मचारीले पाउने सुविधमा एक रुपता कायम हुने गरी सेवा सुविधा सम्वन्धी कानुन वनाएर मात्र कर्मचारीलाइ थप सुविधा दिनु पर्छ । विकास निर्माणको काममा खर्च गर्नुपर्ने रकम स्पस्ट आधार तथा एवं कार्यविधि विना कर्मचारीलाई स्थानिय भत्ता खर्च लेख्नु नियमसम्मत नदेखिएको ।

४१. **स्थानीयतहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्थाअनुसार ५ नम्वर प्रदेशका स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार मर्चवारी गाउपालिकाका स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको पारीश्रमिक अन्य भत्ता वापत यस वर्ष रु.५६३८०००।भुक्तानी गरेको छ ।

| सि.न | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष | कार्यपालीका सदस्य | सभाका सदस्य | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३००००। | २५००० | २०००० | १२००० | ७००० | ४९३२०००। |
| २ | संचार सुविधा | १००००। | ५०००। | ५०००। | | | २०००००। |
| ३ | इन्धन सुविधा | १००००। | ७००० | ६०००। | | | २३६००० |
| ४ | पोसाक | ७५००। | ७५००। | ७५००। | ७५०० | ७५०० | २७००००। |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गाउपालिका पदाधिकारीले संचार तथा इन्धन प्रयोग गरे वपात विल अनुसार खर्च लेखने गरेकोमा गाउ सभाको निर्णय अनुसार २०७५ साल चैत्र महिना देखि अध्यक्षले मासिक रुपमा संचार र इन्धन रु १००००। का दरले, उपाध्यक्षले संचार खर्च रु ५०००।,इन्धन खर्च रु ७०००,वडा अध्यक्षलाइ संचार रु ५०००।,र इन्धन रु ६०००। का दरले मासिक रुपमा भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>बैठक खर्च :- प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधीकारी वाहेकका सभाका सदस्यले अनुसुची - १ बमोजिमको बैठक भत्ता वापतको रकम पाउने उल्लेख छ । ऐनको अनुसुची - १ मा कार्यपालीका र सभाको बैठकमा भत्ता प्रति दिन रु.७००। का दरले पाउने उल्लेख छ । अनुसुची १ मा वडा समितिको वैठक वसेकोमा भत्ता लिन पाउने उल्लेख गरेको छैन । प्रदेश अन्तर्गतका स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को भावना विपरीत विभिन्न मितिमा प्रत्येक महिना ३ पटक वैठक वसेको कागजात पेश गरी वडा न. १ देखि७ वडाका वडा समितिको वैठकमा रु.७००। का दरले बैठक भत्ता रु.१००८००। खर्च लेखेकोले उक्त खर्च लेखन पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>१००८००.००</td></tr>
<tr><td>४३.</td><td>अवलोकन भ्रमण : सार्वजनिक खरिद ऐन २०६३,को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण,सवलिकरण,मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट तोकीए बमोजिमको प्रक्रिया अपनाइ त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने छ । कार्यालयले वडा स्तरीय योजना अन्तर्गत अवलोकन भ्रमणको लागि वजेट विनियोजन गरेको छ । विनियोजित अवलोकन भ्रमण कार्यक्रम कार्यालयले आफनो जनशक्तिबाट संचालन गर्नुपर्नेमा निम्न गैर सरकारी संस्थासग सम्झौता गरी आवलोकन भ्रमण खर्च लेख्नु नियमसम्मत नदेखिएको रु .
<table>
<tr><th>गो.भौ.न.</th><th>कार्यक्रमको विवरण</th><th>गैरसकारी संस्था</th><th>अवधी रकम</th><th>रकम</th></tr>
<tr><td>३३९।०७६।३।१२</td><td>अवलोकन भ्रमण</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>२०७६।३।३ देखि ६</td><td>४०१०००</td></tr>
<tr><td>५४०।०७६।३।२६</td><td>अवलोकन भ्रमण</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>२०७६।३।३ देखि ६</td><td>९९०००</td></tr>
<tr><td>४३९।०७६।३।२२</td><td>अवलोकन भ्रमण</td><td>लम्विनि हेल्प फाउण्डेसन नेपाल</td><td></td><td>३०००००।</td></tr>
<tr><td>४७८।०७६।३।२४</td><td>अवलोकन भ्रमण</td><td>पहिलो खुडकिला रुपन्देही</td><td></td><td>३०००००</td></tr>
<tr><td>३९५।०७६।३।१५</td><td>अवलोकन भ्रमण</td><td>पहिलो खुडकिला रुपन्देही</td><td></td><td>२६००००।</td></tr>
<tr><td>३९४।०७६।३।१९</td><td>अवलोकन भ्रमण</td><td>पहिलो खुडकिला रुपन्देही</td><td></td><td>३०००००।</td></tr>
<tr><td>४६४।०७६।३।२३</td><td>अवलोकन भ्रमण</td><td>दलित समाजिक विकास केन्द्र</td><td></td><td>३०००००।</td></tr>
<tr><td>४४७।०७६।३।२३</td><td>अवलोकन भ्रमण</td><td>लुम्विनी सामुदायिक विकास केन्द्र</td><td></td><td>३०००००।</td></tr>
<tr><td>५१०।०७६।३।२४</td><td>अवलोकन भ्रमण</td><td>स्माइल फाउनडेसन</td><td></td><td>२५००००।</td></tr>
</table></td><td>२५१००००.००</td></tr>
<tr><td>४४.</td><td>गैर सकारी मार्फत कार्य - सार्वजनिक खरिद ऐन २०६३,को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण,सवलिकरण,मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट तोकीए बमोजिमको प्रक्रिया अपनाइ त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने छ । कार्यालयले आफनो कार्य क्षेत्रभित्र पर्ने कार्यलयको जनशक्तिले गर्ने कार्य पनि गैर सरकारी संस्था मार्फत एउटै संस्थाबाट पटक पटक सम्झौता गरी कार्यक्रम संचालन गरेको छ । कार्यालयले सुचना प्रकाशित गरी मौजुदा सूचीवाट आर्थिक प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्यको लागि लागत अनुमान तयार नगरी पटक पटक एउटै गैर सरकारी संस्थासँग प्रस्ताव माग गरीकार्यालयले स्वीकृत गरेका सवै कार्यक्रमहरु गैर सरकारी संस्थासँग सम्झौता गरी भुक्तानी दिएको छ । गैर सरकारी संस्थाले कुन कुन काम गर्ने गरी संस्था दर्ता</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गरेको सो लेखापरीक्षण गर्ने समयमा पेश नभएकोले सो समेत पेश गर्नुपर्दछ । नियमावलीको व्यवस्था विपरीत लागत अनुमान तयार नगरी पटक पटक एउटै संस्थासँग सम्झौता गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु . | ९५०२५७२.०० |

| गो.भौ.न. | गैर सरकारी संस्थाको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १२१।०७५।११।२१ | युथभिजन सोसाइटी | खेलकुद सामाग्री वितरण | १५००००. |
| २१८।०७५।१५।२४ | दलित सामाजिक विकास केन्द्र | सरसफाइ सम्वन्धी चेतना | २४८०००. |
| २२०।०७५।१२।२४ | युथभिजन सोसाइटी | गुडिया वनाउने तालिम | १९३५००. |
| २२१।०७५।१२।२४ | युथभिजन सोसाइटी | वेमौसमी तालिम तथा गोष्ठि | १९६५००. |
| २२२।०७६।१२।२४ | युथभिजन सोसाइटी | जलवायु परिवर्तन अनुकुलको कृष्क तालिम | ९८०००. |
| २५०।०७६।२।२९ | युथभिजन सोसाइटी | कुसन तथा गुडिया वनाउने तालिम | २९९५०० |
| २५३।०७६।२।१२ | रामग्राम नन्दन विकास परियोजाना | स्वास्थ्य तथा सरसफाइ तालिम | ४८९२६३. |
| २५५।०७६।२।१२ | मानसरोवर टेकिनकल ट्रेनिङ्ग इन्स्च्यिुट | पम्पसेट मर्मत सम्वन्धी तालिम | १५००००. |
| २७७।२।२३ | दलित सामाजिक विकास केन्द्र | नेतृत्व विकास तालिम | १०००००. |
| २८८।०७६।२।२६ | डाइनेमिक युथ ग्रुप लुम्विनी | मोटर साइकल मर्मत | ५०००००. |
| २७८।०७६।२।२३ | दलित सामाजिक विकास केन्द्र | पम्पसेट मर्मत सम्वन्धी तालिम | १९०१९१. |
| २८९।२।२६ | दलित सामाजिक विकास केन्द्र | ह्ाउस वायरिङ्ग तालिम | ४५००००. |
| २९३।२।२६ | लुम्विनी सामुदायिक विकास केन्द्र | कुसन तथा गुडिया वनाउने तालिम | २०००००. |
| ३००।२।२७ | रामग्राम नन्दन विकास परियोजाना | अगरवत्ती वनाउने तलिम | ४८९००८. |
| ३१४।२।३१ | दलित सामाजिक विकास केन्द्र | पम्पसेट मर्मत सम्वन्धी तालिम | ३०००००. |
| २१६।०७६।३।२ | दलित सामाजिक विकास केन्द्र | कम्प्युटर तालिम | १५००००. |
| ३२३।०७६।३।३ | दलित सामाजिक विकास केन्द्र | सिलाइ कटाइ तालिम | २९९३३०. |
| ३२५।०७६।३।४ | युनिभर्सल इलेक्ट्रो टेक्निकल इन्स्च्यिुट | ह्ाउस वायरिङ्ग तालिम | २०००००. |
| ३४९।०७६।३।१२ | लुम्विनी विकास केन्द्र | ह्ाते कढाइ तथा वुटिक तालिम | ५०००००. |
| ३५२।०७६।३।१६ | होमसोसल डेभलपमेन्ट सेन्टर | सिलाइ कटाइ तालिम | ४९९२८०. |
| ४४०।०७६।३।२२ | लुम्विनी हेल्थ फाउण्डेसन नेपाल | प्रकोप राहत वितरण पुर्व तयारी | २६००००. |
| ४३१।०७६।३।२० | लुम्विनी सामुदायिक विकास केन्द्र | व्युटी पालर तालिम | ४५०००० |
| ४३७।३।२२ | दलित सामाजिक विकास केन्द्र | स्वास्थ्य शिविर संचालन | २०००००. |
| ४३८।३।२२ | दलित सामाजिक विकास केन्द्र | मोवाइल मर्मत तालिम | ३५००००. |
| ४२७।३।२० | लुम्विनी हेल्थ फाउण्डेसन नेपाल | भ्रुन हत्य तथा वाल विवाह विरुद्ध | ४५००००. |
| ४२८।३।२० | मायादेवि सामाजिक उत्थान सस्थान | वालवालिकालाइ मन्टेश्वरी तालिम | ३०००००. |
| ३८८।३।१८ | ग्रीन पथ अफ लुम्विनी | सिलाइ कटाइ तालिम | ५०००००. |
| ३९२।३।१९ | दलित सामाजिक विकास केन्द्र | मैनवत्ति वनाउने तालिम | १५००००. |
| ४५६।३।२३ | लुम्विनी हेल्थ फाउण्डेसन नेपाल | सार्वजनिक सुनुवाइ वर्ड न. १ | १४००००. |
| ४५३।३।२३ | लुम्विनी हेल्थ फाउण्डेसन नेपाल | अगुवा कृषकलाइ वेमौसमी तरकारी तालिम | १००००००. |
| जम्मा | | | ९५०२५७२. |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४५. | **अनुदान :** अगुवा कृषकहरुलाइ वेमौसमी कृषि तालिम वडा न.१ देखि ७ सम्म संचालन गर्नका लागि रु १० लाखमा कार्यक्रम संचालन गर्नको लागि लुम्विनी सामुदायीक विकास केन्द्रसँग सम्झौता गरेको छ । सम्झौता अनुसार कार्यक्रम संचालन गरी प्रतिवेदन पेश गरेको छ । सामुदायिक विकास केन्द्रले कार्यक्रम संचालन गर्दा अन्य विभिन्न सामाग्री गर्नुका साथै २२८ थान स्प्रेयर टंकी रु ३५००। का दरले खरिद गरी रु ५७००००। खर्च लेखेकोमा उक्त खरिद गरेका स्प्रेयर टंकी कृषकहरुलाइ वितरण नगरेकोले उक्त खरिद गरेका स्प्रेयर टंकी वितरण गरेको भरपाइ पेश गर्नुपर्ने रु | ५७००००.०० |
| ४६. | **अग्रीम कर :** कार्यालयले गाउपालिका विभिन्न मुद्धाहरुको वहस पैरवी तथा वारेस खर्च वापत वकिल दिलिप कुमार मल्लिकलाइ पारिश्रमिक रु ३६९६००। भुक्तानी दिएकोमा आयकर ऐन | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>२०५८ को दफा ८७ अनुसार कर रु ३६९६। कर कटटी नगरेकोले कर कटटी गरी असुल गर्नुपर्ने रु</td><td>३६९६.००</td></tr>
<tr><td>४७.</td><td>ट्रान्सफर्मर भाडा खर्च : गाउपालिकाको कार्यालयमा विद्युत प्राधिकरण कार्यालयबाट विद्युत जडान गरी विद्युत सेवा उपलब्ध गराएको छ । विद्युत सेवा उपलब्ध गारउदा कुनै कारणले विद्युत सेवा अवरुद्ध भएमा नेपाल विद्युत प्राधिकरणलाइ जानकारी गराइ सेवा संचालन लिनुपर्नेमा कार्यालयमा विद्युत सेवा अवरुद्ध भएकोमा  नेपाल विद्युत प्राधिकरणलाइ जानकारी गराइ सेवा लिनु पर्नेमा ट्रान्सफर्रम महासेठ इन्टर प्राइजेज एण्ड सप्लायर्ससँग मिति २०७५।८।१४ गते देखि मासिक रु २५०००। भाडामा लिने सम्झौता गरी कार्यालयले मेशीनरी साधनको भाडा खर्च रु ४३७३२८। खर्च लेखेको छ  । कार्यालयले नेपाल विद्युत प्राधिकरणलाइ विग्रेको ट्रान्सफर मर्मत वा नया जाडन गर्न लागाउनु पर्नेमा लेखापरीक्षणको अवधी सम्म पनि भाडा लिएको छ । कार्यालयले वर्ष ट्रान्सफर्मर भाडामा लिइ खर्च लेख्नु नियमसम्मत नदेखिएको रु</td><td>४३७३२८.००</td></tr>
<tr><td>४८.</td><td>अनुगमन तथा अन्य भत्ता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ । गाउपालिकाको क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन गरेको भनि कार्यालयले स्थानिय निकायका पदाधिकारी,सदस्य तथा कर्मचारीहरुलाइ भत्ता भुक्तानी गरेको छ । गाउपालिकाको आफनो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ । नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियम सम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको वैठकक खर्चमा नियन्त्रण गर्नपर्दछ । नमुना छनोटको आधारमा परीक्षण गरेकोमा केही उदाहरण देहाय वमोजिम छ ।
<table>
<tr><th>गो.भौ.न.</th><th>वैठक भत्ता विरण</th><th>रकम</th></tr>
<tr><td>५१२।२०७६।३।२६</td><td>गाउपालिकामा संचालित योजनाको अनुगमन भत्ता</td><td>७३००००।</td></tr>
<tr><td>५३१।०७६।३।२६</td><td>गाउपालिकामा संचालित योजनाको अनुगमन भत्ता</td><td>४३२०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९.</td><td>पेश्की बाँकी :- कार्यालयले दिएको पेश्की आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट  भइ सक्नुपर्नेमा देहायका व्यक्ति/संस्थालाई गएको रु.१७,७७,८५१/-पेश्की आर्थिक बर्षको अन्तसम्म पनि फछ्र्यौट भएको नदेखिएबाट सो पेश्की फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>२०७६/२/२६</td><td>विनोद प्रसाद बरई</td><td>१०५०००</td></tr>
<tr><td>२०७५/११/२७</td><td>रामानन्द बरई</td><td>१०२४००</td></tr>
<tr><td>२०७५/१२/५</td><td>शिव कुमार यादव</td><td>१९९६३</td></tr>
<tr><td>२०७५/११/२७</td><td>गुलाव यादव</td><td>१५४८८</td></tr>
<tr><td>२०७५/१२/२६</td><td>विनोद बरई</td><td>८०००००</td></tr>
<tr><td>२०७५/१२/१७</td><td>शिव कुमार यादव</td><td>१८००००</td></tr>
<tr><td>२०७५/१२/११</td><td>विनोद बरई</td><td>६००००</td></tr>
<tr><td>२०७५/१२/११</td><td>विनोद बरई</td><td>४९५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७७७८५१</td></tr>
</table></td><td>१७७७८५१/-</td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>५०.</td><td>अधिकार प्राप्त निकायबाट तलवि प्रतिवेदन पारित गरेरमात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । गाउंपालिकाल शिक्षा तथा स्वास्थ्य तर्फका स्थाई तर्फका कर्मचारीहरुको तलवि प्रतिवेदन पारित</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>नगरी तलव ग्रेड खर्च भुक्तानी गरेकोले ग्रेड भिडान गर्न सकिएन । अतः तलवि प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५१.</td><td>तथ्याङ्क अध्यावधिक :- गाउंपालिकाले विद्यालयगत छात्र छात्राको रेकर्ड अद्यावधिक तथा प्रमाणित गरी फ्ल्यास रिर्पोट तयार गरि राख्नुपर्दछ । यस बर्ष कार्यालयले आफु अन्तर्गत संचालित विद्यालयहरुमा पाठ्यपुस्तक बापत रु. २४५३३९७-, दलित तथा विपन्न लक्षित छात्र छात्रा छात्रवृत्ति बापत रु.१७३९४००। शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन तथा निरन्तर विद्यार्थि मूल्यांकनका लागी रु.१५१३९००/- प्राविधिक धार संचालन गर्ने विद्यालयका लागी ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थि लागत अनुदानका लागी रु ७४८०००। गरी रु.६४५४६९७/-खर्च गरेको छ । विद्यालयले उपरोक्त कार्यक्रमकोको अनुगमन गरी प्रतिवेदन समेत तयार नगरेको तथा EMIS Data Entry समेत नगरेको,फ्ल्यास रिर्पोट तयार नभएकोले विद्यार्थि संख्या सँग अनुदान रकम भिडान गर्न सकिएन । अतः अनुदान रकमबाट लक्षित बर्गले लाभप्राप्त गर्ने विषयमा प्रभावकारी अनुगमन गरी रेकर्ड व्यवस्थित हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>बढि निकासा :- नेपाल सरकारबाट स्वीकृत स्थायी, अस्थाई तथा राहत दरवन्दीमा कार्यरत शिक्षक, कर्मचारीहरुको तलव भत्ता चौमासिक रुपमा बिद्यालयगत निकासा खाता तयार गरी पारित तलवी प्रतिवेदन,सम्बन्धित विद्यालयहरुले पेश गरेको माग फारम समेत परीक्षण गरी निकासा दिनुपर्ने व्यबस्थाछ । नमुना छनौट बिधिका आधारमा चारवटा बिद्यालयहरुको प्रथम, दोस्रो र तेस्रो चौमासिक निकासाको माग फारम र निकासा अनुदान भिडान गर्दा गाँउपालिकाले देहायका विद्यालयहरुको निजी स्रोतबाट तलब भत्ता भुक्तानी हुने शिक्षक कर्मचारीको समेत माग फारममा समावेस गरी माग गरेका आधारमा स्विकृत दरबन्दिभन्दा बढि निकासा गरेको पाइयो । यसरी सशर्त अनुदानबाट बढी निकासा गएको रकम गाउँपालिकाले छानविन गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>चौमासिक</th><th>निकासा हुनुपर्ने</th><th>निकासा गएको</th><th>बढि निकासा</th></tr>
<tr><td>१</td><td>बगोली मा.विद्यालय</td><td>प्रथम</td><td>८८०१०६.३०</td><td>११८९३३०.००</td><td>३०९२२३.७०</td></tr>
<tr><td>२</td><td>,, ,,</td><td>तेस्रो</td><td>८७९५४३.१०</td><td>९६९४०५.००</td><td>८९८६१.९०</td></tr>
<tr><td>३</td><td>जनता मा.विद्यालय</td><td>तेस्रो</td><td>२५२८५८४.००</td><td>२६५२५८४.००</td><td>१२४०००.००</td></tr>
<tr><td>४</td><td>अमवा मा.विद्यालय</td><td>तेस्रो</td><td>-</td><td>-</td><td>७२०००.००</td></tr>
<tr><td></td><td>जम्मा रकम रु</td><td></td><td></td><td></td><td>५९५०८५.६०</td></tr>
</table></td><td>५९५०८५.६०</td></tr>
<tr><td>५३.</td><td>गो.भौ.नं. ९८।०७६।३।३१ बाट गाउँपालिकाले देहायका विद्यालयहरुलाई स्विकृत दरवन्दिमा नरहेका तथा निजि स्रोतबाट राखेका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता तेस्रो चौमासिकमा शसर्त अनुदानबाट निकासा भएकोले सम्बन्धित बिद्यालयहरुबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>१</td><td>श्री मति मनराजी देवी मा.वि.</td><td>६२०००.००</td></tr>
<tr><td>२</td><td>श्री बगौली मा. वि.</td><td>१०६४७५.००</td></tr>
<tr><td>३</td><td>श्री नरेश जनता प्रा. वि.</td><td>३९२७६.००</td></tr>
<tr><td>४</td><td>श्री मर्चवारी आधारभुत वि.</td><td>८५४८५.००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td>२९३२३६.००</td></tr>
</table></td><td>२९३२३६.००</td></tr>
<tr><td>५४.</td><td>गो.भौ.न. २३।०७५।१२।३ बाट गाउँपालिकाले बिद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नरहेको क्रियाकलाप जेहेन्दार छात्रबृत्ति शिर्षकमा रु १०२०००। तेस्रो चौमासिकमा देहायका विद्यालयहरुमा निकासा भएको रकम एकिन गरी असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>जनता माध्यमिक विद्यालय</td><td>३४०००.००</td></tr>
</table></td><td>१०२०००.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| २ | मनरानी देवी माध्यमिक विद्यालय | १७०००.०० |
| ३ | ठर्की माध्यमिक विद्यालय | १७०००.०० |
| ४ | बगौली माध्यमिक विद्यालय | ३४०००.०० |
| | जम्मा रकम रु | १०२०००.०० |

५५. विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७९८ विद्यालय संचालन अनुदान कार्यक्रमबाट विद्यालय संचालन,व्यवस्थापन साथै विद्यालय तहको Excel Based IEMIS को तयारी र प्रयोग सम्बन्धि सबै कार्यहरु गर्ने गराउने कार्यका लागी एकमुष्ठ संचालन मस्लन्दबाट गरिने कार्यहरुको कार्य योजना विद्यालय समितिबाट स्वीकृत गराइ कार्यान्वयन र खर्च गर्ने व्यवस्थाका लागी कक्षा १-५ संचालन भएका विद्यालयलाई बार्षिक १५०००। , १-८ कक्षालाई २००००। र १-१० संचालन भएकालाई २५०००। र १-१२ कक्षा संचालन भएकालाई बार्षिक ३००००। निकासा दिने व्यवस्थाछ । तर गाउँपालिकाले यस्तो मसलान्द बाहेक EMIS डाटा इन्ट्रिका लागी थप अनुदान देहायका विद्यालयहरुमा निकासा गरेकोछ । यस सम्बन्धमा छानविन गरी बढी निकासा भएको रकम असुल हुनुपर्ने रु — २१६०००.००

| सि.न. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय | २४०००.०० |
| २ | मनरानी देवी माध्यमिक विद्यालय | २४०००.०० |
| ३ | ठर्की माध्यमिक विद्यालय | २४०००.०० |
| ४ | बगौली माध्यमिक विद्यालय | २४०००.०० |
| ५ | अमवा माध्यमिक विद्यालय | २००००.०० |
| ६ | सेमरा आधारभुत विद्यालय | १००००.०० |
| ७ | सरस्वती आधारभुत विद्यालय | १००००.०० |
| ८ | हरिनामपुर आधारभुत विद्यालय | १००००.०० |
| ९ | मर्चवारी आधारभुत विद्यालय | १००००.०० |
| १० | जनशक्त प्राथमिक विद्यालय | १००००.०० |
| ११ | सरस्वती प्राथमिक विद्यालय | १००००.०० |
| १२ | जनहित प्राथमिक विद्यालय | १००००.०० |
| १३ | जनकल्याण आधारभुत विद्यालय | १००००.०० |
| १४ | नरेश जनता प्राथमिक विद्यालय | १००००.०० |
| १५ | शिसौ सेमरा प्राथमिक विद्यालय | १००००.०० |
| | जम्मा रकम रु | २१६०००.०० |

५६. गौ.भौ.न.२३।०७५।१२।३ बाट सामुदायिक बिद्यालयहरुलाई समाजिक तथा आर्थिक लेखापरीक्षणका लागी रु १५३०००। अनुदान निकासा भएकोमा बिद्यालयहरुले लेखापरीण गराई लेखापरीक्षण प्रतिवेदन गाउँपालिकाको शिक्षा शाखामा पेश गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

५७. **पारिश्रमिक कर :** आय कर ऐन,२०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयको पारिश्रमिक करको गणनामा करयोग्य आयको पहिलो १ लाखमा १० प्रतिशत र त्यस पछिको २ लाखमा २० प्रतिशत र त्यस पछिको सिलिङमा ३० प्रतिशत परिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत डा. पाताल गिरीको बार्षिक आम्दानी रु ५०२०१३। नियमअनुसार कट्टा गर्न पाउने संचय कोष, विमा कट्टा रु ५३०००। , पारिवारीक छुट रु ४०००००। गरी जम्मा रु ४५३०००। वार्षिक आयबाट घटाई बाकिं करयोग्य आय रु ४९०१३। को १० प्रतिशतले हुने रु ४९०१। पारिश्रमिक कर वापतको रकम असुल गरी राजस्व दाखिला हुनुपर्ने रु. — ४९०१.००

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षा तर्फ** | |
| ५८. | **तथ्यांक अध्यावधिक** :- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ । | |
| ५९. | **सार्वजनिक सुनुवाई :-** गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाका कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाउँपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ६०. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची - ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले नेपाल सरकारबाट रु.३,६६,७५,०००। सामाजिक सुरक्षामा खर्च गरेको छ । कार्यालयले समयमा नै तथ्याङक अद्यावधिक गरी प्रमाणित तथ्याङकको आधारमा निकासा प्राप्त गर्नुपर्दछ । | |
| ६१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा २२ अनुसार बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने र बुदाँ २४ अनुसार एउटा स्थानीय तहको क्षेत्रमा एक वा सो भन्दा बढी बैङ्क वा वित्तीय संस्था क्रियाशील भएमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि नेपाल राष्ट्र बैङ्कको ईजाजत प्राप्त (क), (ख), वा (ग) वर्गको एक वडामा एक भन्दा बढि बैङ्क नपर्ने गरी बैङ्क वा वित्तीय संस्थाको छनोट गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ । गाउँपालिकामा नेपाल राष्ट्र बैक मार्फत इजाजत प्राप्त (क) वर्गको बैङ्किङ सुविधा उपलव्ध हुदाँ समेत कार्यालयले कार्यविधिको अनुसुची ८ अनुसार बैङ्कसँग सम्झौता गरी सामाजिक सुरक्षा वितरण गर्ने गरेको छैन । कार्यविधिको व्यवस्था अनुसार बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ । | |
| | **आन्तरीक आय** | |
| ६२. | कार्यालयले योवर्ष नगदी रसिद कट्टागरी नगदी रसिदको दैनिक आवर्जे, म.ले.प.फा.नं. १०८ तयार गरेको छैन । कार्यालयले नगदि रसिदको रसिद नियन्त्रण खाता तयार गरेको छैन । यसबाट अघिल्लो वर्षको बांकी रसिद र यसवर्ष छपाई गरी वडा कार्यालयहरुमा पठाएको रसिद मध्ये कुन कनु वडा ले कति नम्बरको नगदी प्रयोग गरी राजश्व आम्दानी गरेका छन् सोको विवरण खुलेन । त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका ब्यहोरा | रकम |
|---|---|---|
| | देखिन्छ । दैनिक जोडजम्मा गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ६२.१. | कार्यालयले वडा कार्यालयमा पठाएका नगदी रसिदहरुको ठेली जोड जम्मा गरी ठेलीगत आम्दानी विवरण तयार गरेको छैन । यसबाट कुन ठेलीको राजश्व समयमा नै आम्दानी भयो । कुन कुन ठेली कार्यालयमा प्राप्त हुन बाँकी छन् सोको विवरण एकिन गर्न सकिएन । | |
| ६२.२. | कार्यालयले वडागत रुपमा आयको विवरण तयार गर्नुपर्नेमा तयार गरेको छैन । | |
| ६३. | **सफ्टवेयरको प्रयोग –** गाउँपालिकाले मेनुअल रुपमा नगदी रसिद कट्टा गरी राजश्व आम्दानी गरेको छ । राजश्व प्राप्तीलाई थप व्यवस्थित र विश्वसनिय गराउन नेपाल सरकारबाट मान्यता प्राप्त राजश्व सफ्टवयर प्रणाली प्रयोगमा ल्याउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| | **बेरुजु फछ्र्यौट र सम्परीक्षण** | |
| | **बेरुजुको अद्यावधिक स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। कार्यालय प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ सम्मको बेरुजु रु.१२४७६६६०/-बाँकी रहेकोमा यसवर्ष रु. ३,६८,४९,७७२/-बेरुजु थप भई रु.४,९३,२६,४३२। पुगेको छ। | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यसवर्ष फछ्र्यौट | बाँकी बेरुजु | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| १२४७६६६० | ० | १२४७६६६० | ० | ३६८४९७७२ | ४९३२६४३२ |

## मर्चवारीमाई गाउँपालिका
## सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

**अनुसूची- १**
**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मर्चवारी गाउँपालिका | रुपन्देही | ६७०९६ | १२६९६२ | १४५२९६ | ८८५६९ | ३६०८२७ | २०७१०४ | १४२१७१ | १९२७ | ३५१२०२ | ७६७२१ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनुसुची २**
**(रु.हजारमा)**

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदानितक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | रुपन्देही | मर्चवारी गाउँपालिका | ५४ | २३ | ३७९५४ | ० | ० | ० | ५४ | २३ | ३७९५४ | ३९८४ | १९५७१ | १२६२१ | ० | ० | ३२१९२ | १७७८ | ० | १७७८ |

## बेरुजुको अद्यावधिक स्थिति

**अनुसूची- ३**
**(रु.हजारमा)**

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यसवर्ष फछ्र्यौट | बाँकी बेरुजु | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| १२४७६६६० | ० | १२४७६६६० | ० | ३६८४९७७२ | ४९३२६४३२ |